**२०७५ साल कार्तिक ३० गते शुक्रवार बसेको मन्त्रिपरिषद्को २० औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** वित्त हस्तान्तरणमार्फत थप भई आएको रकम प्रदेश सभामा अनुमोदनका लागि पेश गर्नेगरी हाललाई सम्बन्धित मन्त्रालयहरुलाई खर्च गर्न अख्तियारी दिने।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

३. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश विश्वविद्यालयसम्बन्धी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

४. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** मन्त्रिपरिषद् आर्थिक, सामाजिक तथा पूर्वाधार समितिबाट परिमार्जन सहित पेश हुन आएको प्रदेश नं. ५, प्रदेश पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।